# मेलौली नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

यस मेलौली नगरपालिकाको गरिमामय नगर सभाको उद्घाटन सत्रका सभाध्यक्ष महोदय,
नगर सभाका सदस्य ज्यूहरू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विषयगत शाखाका शाखा प्रमुख ज्यूहरू,
राजनैतिक दलका प्रतिनिधिहरू,सुरक्षा निकायका प्रतिनिधी ज्यूहरू,
अन्य कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरु र उपस्थित महानुभावहरु ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**आदरणीय सभाध्यक्ष महोदय,**

सर्वप्रथम यस उद्घाटन सत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी अतिथ्यता ग्रहण गरी दिनहुने नगर सभाका सदस्यज्यूहरु लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाक्षां बमोजिम विभिन्न विषय क्षेत्रसंग सम्बन्धित सरोकारवाला तथा नगरबासीहरूको अमूल्य सुझावहरूको संकलन गरी तयार गरिएको यस मेलौली नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम,यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मको विभिन्न काल खण्डका राजनैतिक आन्दोलन संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति उच्च सम्मनका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। यी आन्दोलनको अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नु हुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।

नगर स्थापनाकाल देखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्व गर्नु हुने सबै अग्रज व्यक्तीहरू प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

लामो समय देखिको विश्वव्यापी आर्थिक मन्दीको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ। हाम्रो नगरपालिका पनि यसबाट अत्यन्तै प्रभावित बनेको छ। आर्थिक तरलता,उत्पादन तथा वितरण प्रणाली,विकास निर्माण र सेवा प्रभावमा अवरोध सृजना भइ नगरको सम्पूर्ण मानवीय,सामाजिक र आर्थिक पक्षमा प्रतिकूल प्रभाव परेको छ।

नगरबासीको आकाक्षां र स्थानीय आवश्यकताको आधारमा स्थानिय स्रोत-साधनको अत्यधिक परिचालन मार्फत आर्थिक तरलतामा सहयोग पुऱ्याउँदै पूर्वाधार विकास,उत्पादन तथा रोजगारका

साथै नगरको सर्वाङ्गिण विकासका पक्षमा ऐक्यबद्धता जनाइ समावेशी विकासको मार्गमा विषेश प्राथमिकता दिइ नगरबासीको आकाक्षां र स्थानिय आवश्यकताका आधारमा स्थानीय स्रोत-साधनको अत्यधिक परिचालन मार्फत आर्थिक तरलतामा सहयोग पुऱ्याउँदै पूर्वाधार विकास,उत्पादन तथा रोजगारका साथै नगरको सर्वाङ्गिण विकासलाई मूख्य प्राथमिकता दिइ समावेशी विकासको मार्गमा अगाडी बढ्न जनप्रतिनिधि,राजनैतिक दल,समाजसेवी तथा नगरबासी सबैको सद्भाव,समन्वय र सहकार्य अत्यन्त आवश्यक छ।

यस मेलौली नगरपालिकाको सम्मानीत बाह्रौं(१२) नगरसभामा आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म मेलौली नगरपालिकाले आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

क) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,
ख) उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,
ग) उत्पादनशिल र मर्यादित रोजगारी अभिवृद्धि,
घ) वातावरण अनुकुलन एवम् दिगो पूर्वाधार विकास,
ङ) सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,
च) दिगो, पूर्ण र उत्पादनशिल सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुति,
छ) स्वच्छ खानेपानी तथा सरसफाई,
ज) विकासका अवसरहरुमा समन्यायिक पहुँच,
झ) लैङ्गीक समानता र सामाजिक समावेशीकरण
ञ) श्रम सहकारी तथा कृषि सहकारी आदि।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८०/८१ का लागी यस नगरपालिकाले आत्मसाथ गर्ने प्रमुख नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१) गुणस्तरीय स्वास्थ्य सेवा र त्यसमा नगरवासीको समन्यायिक पहुँच बढाई स्वस्थ, मर्यादित र सन्तुलित जिवन पद्धतिको विकास गर्न समग्र स्वास्थ्य प्रणालीमा जोड दिइनेछ ।
२) नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयको क्षमता विकास, स्रोत साधनको उपलब्धता, विधार्थीको भर्ना दर र टिकाउ दर बढाई गुणस्तरीय शिक्षा प्रणालीमा जोड दिइनेछ ।
३) नगर क्षेत्रभित्र कृषिका सम्भावनाहरुको पहिचान गरी सुदृढ र उत्पादनशील कृषि प्रणालीको विकास मार्फत दिगो उत्पादनशील स्थानीय रोजगारी सृजना, गरिवी निवारण र मानव विकासमा जोड दिइनेछ ।

४) सार्वजनिक सेवाको सुदृढीकरण, सुशासनको प्रत्याभुति मार्फत स्थानीय सरकारलाई जनउत्तरदायी, प्रभावकारी, व्यवसायिक, प्रतिष्पर्धी, समावेशी र सेवामुखी नागरिक सरकारको रुपमा विकास गरिनेछ।

५) जनताका माग तथा आवश्यकता र सहभागितामा आधारित गुणस्तरीय दिगो पूर्वाधार विकास र त्यसबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ।

६) नगरक्षेत्रभित्र रोजगारीका अवसरहरुको पहिचान गरी सुरक्षित, मर्यादित रोजगार प्रणाली मार्फत नगरभित्र वेरोजगारीका समस्याहरु समाधान गरिनेछ ।

७) पर्यटकिय सम्भावनाको पहिचान गरी नगरक्षेत्रभित्र पर्यटनमा आधारित विकास र त्यसलाई बेरोजगारीको समस्या सामाधान गर्ने प्रमुख अवसरको रुपमा प्रवर्धन गरिनेछ ।

८) स्थानीय करको दायरा फराकिलो बनाइ नयाँ स्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गरिनेछ ।

९) उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम गरिनेछ।

१०) स्व-उत्प्रेणामुलक र स्व-सहभागितामुलक कर प्रणालीको विकासमा जोड दिइनेछ ।

११) नगरपालिकाका काम कारवाहिलाई विद्युतीय प्रणालीमा आवद्ध गरी सुचना र प्रविधि मैत्रि सेवा प्रवाह र विकास ब्यवस्थापनमा जोड दिइनेछ ।

१२) नगरक्षेत्रमा औद्योगिक, व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सुदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

१३) सार्वजनिक, निजी सहकार्य र साझेदारीको माध्यमबाट नगरहितका क्षेत्रमा कार्यहरु सञ्चालन गर्ने तर्फ जोड दिईनेछ।

१४) हरेक शाखाहरूमा र नगर भित्रका कार्यालयहरूमा कर्मचारीको पदपूर्ति गरिने छ। लैङ्गिक उत्तरदायी शासन प्रणाली प्रवर्धन गर्न महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैङ्गिक समानता, हासिल गर्न र लैङ्गिक हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१५) सीपमूलक एवम् उद्यमशील तालिम मार्फत यस नगरपालिका भित्र रहेका दलित, विपन्न परिवारका सदस्यहरुलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

१६) नगरपालिकालाई स्वस्थ, सफा, सुन्दर, हराभरा राख्न बैज्ञानिक फोहर ब्यवस्थापन, हरियाली प्रवर्द्धन र नागरिकको जीवनपद्धतिलाई प्रयावरणसँग आवद्ध गरिनेछ।

१७) नगरपालिकामा प्लाष्टिक प्रयोगलाई निरुत्साहनका लागि पुनः प्रयोग गर्न सकिने र स्थानीय उत्पादनमा आधारीत हाते झोला र डस्टवीनहरुको प्रयोग बढाईनेछ ।

१८) सम्भावित जोखीम तथा विपद्हरुको पहिचान, विपद् जोखीम न्युनीकरण, पुर्वतयारी, शिघ्र प्रतिकृया, उद्धार, राहत, पुनः निर्माण र पुनः स्थापनाका हरेक पक्षमा नगरको क्षमता विकास र उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरिनेछ।

१९) जनताको क्षमता विकास र सशक्तिकरण गरी स्थानीय स्तरबाट सक्षम नेतृत्व, जिम्मेवार नागरिकको विकास गर्न जनताको माग र आवश्यकताका आधारमा तालिमहरु सञ्चालन गरिनेछ ।

२०) स्थानीय शासनका हरेक पक्षमा नागरिकको सहभागिता र संलग्नता मार्फत स्थानीय स्तरबाट सुसंस्कृत दिगो लोकतान्त्रिक शासन प्रणालीको विकास गरिनेछ ।

२१) स्थानीय भाषा, साहित्य, कला र संस्कृतीको सम्वर्धन र प्रवर्धन गरिनेछ ।

२२) नगरपालिकालाई वालश्रममुक्त नगरपालिका घोषणा गरिनेछ। वालवालीकाको हक र अधिकारका लागि आवश्यक अन्य व्यवस्था गरिनेछ ।

२३) स्थानीय न्यायीक समितिलाई थप प्रभावकारी बनाई न्याय सम्पादन कार्य छिटो छरितो र प्रभावकारी रुपबाट आगाडी बढाइने छ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०८०/८१ को क्षेत्रगत नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**क) आर्थिक विकास**

**कृषि तथा पशुपंक्षी**

१) कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न वाली सघनतामा बृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।

२) कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि समूह मार्फत उत्पादन सामग्रीमा ८० प्रतिशत अनुदान उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

३) मेलौली नगरपालिकालाई विभिन्न वालीमा आत्म निर्भर वनाउन पकेट क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत एक वडा एक उत्पादन कार्यक्रममा कृषि उत्पादन सामाग्रीका साथै उत्पादनमा अधारित अनुदान उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४) नरपालिकाले उत्पादनमा आधारित रही उत्कृष्ट नगर कृषक घोषणा गरी आवश्यक पूरुष्कार घोषणा गरीनेछ।

५) लक्षित वर्गलाई प्राथमिकतामा राखी आय मुलक कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत तरकारी खेती, पकेट मौरी पालन, एक घर एक करेसावारी जस्ता कार्यक्रम सञ्चालन गरीनेछ।

६) मौरीपालन, वाख्रापालन, भैसीपालनलाई दिगो उत्पादनमुलक र भरपर्दो बनाईनेछ।

७) कृषि प्रविधि हस्तान्तरण गर्न वाली विषयगत सिपमुलक तालिम संचालन गरिनेछ ।

८) यसै आ.व. मा माटो परीक्षण गरी हावापानी र माटो सुहाउदो वाली तथा फलफुल खेती विस्तार गरिने छ।

९) विदेशबाट फर्केका वेरोजगारहरुका लागि कृषि व्यवसायीका लागि मागमा आधारित आय आर्जनसंग सम्बन्धित व्यवसायहरु साझेदारीमा संचालन गरिनेछ।

१०) नगर भित्र उत्पादित तरकारीको बजारिकरणको व्यवस्था गरिने छ।

११) पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन र कृषकहरुको भविष्यमा हुने हानी-नोक्सानीबाट बचाउन पशु धनको सुरक्षाका लागि सुलभ ऋण र पशुपंक्षी बिमाको लागि विशेष पहल गरिनेछ।

१२) अति विपन्न, एकल महिला, पुरुष, दलित समुदाय, हलियाका परिवारहरुको पहिचान गरी ग्रामिण कुखुरा विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३) गाई/भैसी/मत्स्य पालन, डेरी पसल,मासु पसल व्यवसायलाई सुधार र प्रोत्सोहन गर्न अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४) विभिन्न जातका पशुपंक्षी पालनको लागि माग र आवश्यकतामा आधारित सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१५) जुनेटिक रोगहरु, तथा अन्य रोगहरु को बारेमा जनचेतना जगाउन विभिन्न वडाहरुमा परजिवी नियन्त्रण तथा घुम्ती शिविरहरु सञ्चालन गरिनेछ ।

१६) पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको बारेमा गुणस्तरिय तथा भरपर्दा उपचार सेवा प्रदान गरिनेछ।

१७)मासु पसल, डेरी पसल, एग्रोभेट तथा विभिन्न पशुपालन फर्महरुको समय समयमा नियमन गरिनेछ।

१८) मागमा आधारित लागत साझेदारी कार्यक्रमहरुमा माछा/मासु पसलहरु सुधार गर्न लगाई स्वच्छ मासु उत्पादनमा जोड दिइनेछ।

१९) नगरपालिकामा उपयुक्त स्थान पहिचान गरी स्तरीय नमुना कृषि फर्म स्थापना गरिनेछ।

२०) बास्तविक किसानहरुको पहिचान, क्षमता विकास गरी तिनीहरुको जीवनस्तरमा सकारात्मक परिर्वतन ल्याउने किसिमका कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

२१) नगरस्तरीय मेयर, उपमेयर उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ।

२२) कृषि क्षेत्रमा नविनतम प्रविधि प्रयोग तथा ज्ञान सिप आदान प्रदानका लागि अवलोकन भ्रमण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

२३)नगरपालिकामा कृषि उत्पादन प्रदर्शनी मेला आयोजना गरिने छ र उत्कृष्ट कृषकहरुलाई पुरुष्कृत गर्ने व्यवस्था गरिनेछ।

२४) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लाई प्रभावकारी बनाईनेछ।

२५) नगरपालिकामा रहेका सम्पुर्ण कृषि समुहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति ल्याईनेछ।

२६)कृषि उत्पादन बढाउन र कृषकहरुलाई उन्नत जातका बिउ विजन तथा हिउँदे र बर्षे फलफुलका विरुवाहरु प्रति आकर्षित गराउनका लागि तरकारी तथा फलफुलका विरुवाहरु वितरण गरिने छ।

२७) पशु आहार व्यवस्थापनकालागि १२ महिना हरियो घासँ उत्पादन,दुध तथा मासु उत्पादन गर्न एक वर्षिय, बहुबर्षिय घाँसको विउ तथा सेट्सहरु वितरण गरिने छ। साथै डाले घाँसका विरुवाहरु वितरण गरिने छ।

२८) भु-उपयोग सम्बन्धी योजना तर्जुमा गरी कृषि पकेट क्षेत्र निर्माण गरी नगरको उत्पादनमा विविधिकरण गर्न प्रोत्साहन गरीनेछ।

२९) कृषकहरुलाई समुह वा सहकारीमा आवद्ध गरी कृषि पाठशाला सञ्चालन गर्ने नीति लिईनेछ।

३०) कृषकहरुले पालन गरेका गाई,भैसीं,भेडा,बाखा,बगुंर आदिको उपचार सेवाको व्यवस्था गरिने छ।

३१) वडा सदस्य संगसंगै सामूहिक उत्पादन तथा आयमूलक कार्यक्रम सञ्चालन गरिने छ।

३२) नगरपालिकाको प्रत्येक वडाहरूमा पशु तथा कृषि प्राविधिक राखिने छ।

## उद्योग, वाणिज्य र पर्यटन

१) नगर भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ।

२) नगरपालिकामा ग्राम उद्योग सञ्चालन गरिनेछ ।

३) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमुलक तालिमको ब्यवस्था गरिनेछ।

४) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नतीका लागि प्रविधि हस्तान्तरणमा विशेष जोड दिइनेछ।

५) परम्परागत, व्यवसायीक तथा सीपमुलक घरेलु उत्पादनलाई प्रवर्धन गर्न आवश्यक ब्यवस्था मिलाइनेछ।

६) उद्योग व्यवसायसँग सम्बन्धीत संस्थाहरुको पेशागत तथा संस्थागत क्षमता विकासका लागि उद्योग वाणिज्य संघ र अन्य सरोकारवालाहरुसँग समन्वय गरी ब्यवसायिक तालिमको ब्यवस्था गरिनेछ।

७) व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नविकरण तथा खारेजीको सहज ब्यवस्था मिलाइनेछ।

८) बजार अनुगमन कार्यलाई तिब्रताका साथ अगाडी बढाईनेछ।

९) नगरपालिका क्षेत्रमा रहेको मेलौली माताको मन्दिरको महिमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रचार गरी धार्मिक र अध्यात्मिक पर्यटन उद्योगको विकासका लागि आवश्यक कार्य गरिनेछ।

१०) ग्वाल्लेक केदारधाम,शिव केदारधाम तथा ओखलकोट,टिक क्षेत्र र शिवालयललाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

११) नगरमा सञ्चालीत उद्योगधन्दा, व्यवसायहरुलाई कर छुट तथा सहुलियत गरी औद्यौगिक वातावरणको निर्माण गरीनेछ।

१२) नगरमा अनौपचारीक क्षेत्रमा रहेको व्यवशाय र आर्थिक कारोबारलाई औपचारीक बनाउने नीति ल्याईनेछ।

१३) नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचार प्रसारलाई प्राथमिकतामा राखिनेछ ।

१४) यस आ.व. मा नगर पर्यटन गुरु योजना निर्माणका लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ।

१५) प्रमुख पर्यटकीय स्थलहरु र मनोरञ्जन स्थलहरुको पूर्वाधार विकासका लागी स्थानीय तह, स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६) घरेलु तथा लघु-उद्यम व्यवसाय संचालन गर्न उत्प्रेरित गर्नकालागि आवश्यक प्राविधीक सल्लाहका साथ साथै उक्त व्यवसायहरूको दर्ता तथा नविकरण गर्दा लिईने न्युनतम शूल्कमा पनि विशेष छुट दिईनेछ।

१७) परम्परागत रुपमा संचालनमा रहेका लघु उद्यम तथा व्यवसायीहरुको तथ्यांक संकलन गरी स्थानीय तहमा दर्ता गर्ने प्रकृयाको साथै उद्योग संरक्षण र संवर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

१८) नगरपालिका स्तरीय औधोगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी, सार्वजनिक लगानीलाई आकर्षण गर्नुको साथै संरक्षणको व्यवस्था मिलाईने छ।

१९) परम्परागत रुपमा संचालनमा रहेका उद्यम व्यवसायको स्तरोन्नती को लागी आवश्यक सीप विकास तथा उद्यमशीलता विकास तालिम संचालन गरिने छ।

२०) उद्यम व्यवसायको प्रकृति हेरि कम्तीमा १० जना सम्म न्यून आय भएका गरिव घरपरिवारले समुह्रिक रुपमा काम गर्ने गरी एक साझा सुविधा केन्द्रको स्थापना गरिने छ।

२१) फलफूल उत्पादनमा वृद्धि गर्न Fruits Forest को नीति ल्याइनेछ।

२२) दमाहा लगायत परम्परागत वाद्यबाधन,संस्कृतिको संरक्षण र विकाससंगै नगरस्तरिय दलित संग्राहलयको व्यवस्था गरिने छ।

श्रम तथा रोजगारी तर्फ(प्रधानमन्त्री रोजगार कार्यक्रम)

१) बेरोजगार व्यक्तीहरुको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सुची अध्यावधिक र व्यवस्थित गरिने छ।

२) पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सो को सूचना रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने छ।

३) नगरपालिकाबाट कार्यान्वयन हुने श्रममूलक कामहरूमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगारहरूलाई कार्यस्थलमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिने छ।

४) नगरपालिकाबाट नै श्र सीप र उद्यमशीलता जस्ता सीप विकास गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गरिने छ।

५) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि रोजगार सेवा केन्द्र मार्फत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति कार्यलाई प्रभाकारी तरिकाले कार्यान्वयनमा ल्याईने छ।

६) बेरोजगार व्यक्तीलाई रोजगार सम्बन्धी परामर्श दिई रोजगारमा पदस्थापना गर्ने व्यवस्था मिलाइने छ।

७) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने विभिन्न रोजगारमूखी योजनाहरु लागत साझेदारीमा सञ्चालन गरिने छ।

८) काममा खटिने कामदारहरूको लागि सुरक्षा सामग्रीहरूको व्यवस्था गरिने छ।

९) श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धमा विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

१०) स्थानीय तहको रोजगारी रणनीति तर्जुमा तथा अध्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।

११) रोजगार सेवा केन्द्रबाट नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार आप्रवासन लगायतका श्रम तथा रोजगारी सम्बन्धी,उत्पादनशीलता,प्रवर्द्धन तथा सूविधा नगरपालिका स्तरबाटै एकीकृत रूपमा प्रदान गर्न नमूना रोजगार सेवा केन्द्रको सञ्चालन गरिने छ।

१२) रोजगार सुरक्षा तथा दुर्घटना राहत कोष स्थापना गरिने छ।

## ख) सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

१) नगरपालिकामा म बनाउछु मेरो विद्यालय अन्तर्गत शिक्षक, अभिभावक र विद्यार्थी सँग अन्तक्रिया, छलफल गर्दै गुणस्तरीय र प्रभावकारी शिक्षामा जोड दिईनेछ।

२) पञ्चवर्षिय नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

३) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको स्रोतको उपलब्धताको आधारमा पारिश्रमिकमा वृद्धि गरिनेछ।

४) नगरभित्रका गरिव जेहनदार विद्यार्थिको पहिचान गरी उच्च शिक्षा अध्ययनको लागि छात्रवृति प्रदान गरिनेछ।

५) शिक्षक विधार्थी अनुपातको आधारमा शिक्षकको दरबन्दी मिलान गरिनेछ । आधारभुत तहमा बढी हुने दरबन्दी माध्यमिक तहमा गणना हुने गरी व्यवस्थापन गरिनेछ ।

६) मानव पुंजी निर्माणको मुख्य आधारको रुपमा रहेको शिक्षालाई गुणस्तरीय, जिवनोपयोगी, व्यावसायिक र प्रविधिमैत्रि बनाई शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

७) प्रारम्भीक बालविकास केन्द्रका सहजकर्ता र विद्यालयका कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम न्युनतम मासिक पारिश्रमिक उपलब्ध हुने ब्यवस्था गर्दै लगिनेछ।

८) आगामी शैक्षिक सत्रमा अधारभुत तहमा विद्यार्थी भर्नादर सत प्रतिशत पुऱ्याई अनिवार्य र निःशुल्क आधारभुत शिक्षा सुनिश्चित गरिनेछ।

९) विद्यालय सुशासन प्रवर्द्धन गर्न विद्यालय ब्यवस्थापन समितिको क्षमता विकास तालिम र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०) नगरपालिकामा प्रत्येक वर्ष जिल्लास्तरिय खेलकुद प्रतियोगिता विद्यालयको सहकार्यमा आयोजना गरीनेछ।

११) पहुँच सुनिश्चितताको आधारमा बालविकास केन्द्र र सामुदायिक विद्यालय गाभ्न प्रोत्साहन गरिनेछ।

१२) शिक्षकको पेशागत विकासका लागि तालिम तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

१३) शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक,विद्यार्थी र पदाधिकारीलाई सम्मान गरिनेछ।

१४) विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, व्यावसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताका साथ यस क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।

१५) मेलौली नगरपालिकाभित्र खेलकूदका पूर्वाधार विकास गर्दै क्रमशः खेलकूदमैत्री नगरपालिकाका रुपमा विकास गरिनेछ।

१६) विद्यालयहरुलाई सेवामुखी बनाउन कार्यविधि वमोजिम नियमित अनुगमन, नियमन र सहजीकरण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ।

१७) शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ। आगामी वर्षहरुमा सबै तहका सामुदायिक विद्यालयको कक्षाकोठा, पुस्तकालय, खानेपानी, शौचालय लगायत वैकल्पिक सिकाइ विधि अनुकूलका भवन तथा पूर्वाधार निर्माण गरिनेछ।

१८) नीति कार्यान्वयनको समग्र पक्षहरुका अनुभवका आधार सहित आगामी वर्षको शैक्षिक गुणस्तरमा थप सुधारका लागी शिक्षाप्रेमी, बुद्धिजिवी, शिक्षक पेशाकर्मीहरुसँग छलफल तथा अन्तर्क्रिया गरिनेछ।

१९) विद्यालयको नियमित रुपमा अनुगमन गरिनेछ। यसका लागि विद्यालय अनुगमन कार्यविधि निर्माण गरिनेछ। मेलौली नगरपालिका भित्रका उत्कृष्ट शिक्षकहरुलाई मेलौली नगरपालिकाबाट पुरुस्कारको ब्यवस्था गरिनेछ।

२०) एक वडा एक खेलकुद मैदान निर्माणका लागि स्थान छनौट गरी निर्माण कार्य अगाडी बढाइनेछ। नगरपालिकाको खेलकूद विकासका लागि खेल प्रशिक्षक नियुक्त गरी राष्ट्रिय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरिनेछ। साथै विद्यालयहरूमा खेल प्रशिक्षकहरूलाई तालिमको व्यवस्था मिलाइ नगरपालिका स्तरमा लाभ लिने नीति लिइनेछ।

२१) विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि विद्यालयले नियमित रूपमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न विशेष जोड दिईनेछ।

२२) गरिव र जेहान्दार विद्यार्थीका लागि चिकित्सा तथा ईन्जिनिरिङ्ग तर्फको उच्च शिक्षाका हासिल गर्न नगरपालिकावाट कार्यविधी बनाई सहुलियत प्रदान गरिनेछ।

२३) शिक्षामा क्रमशः ICT को प्रयोगको सुनिश्चितता गरिनेछ। विद्यालयहरुलाइ विद्युतीय संचारको नेटवर्कमा जोडी विद्यालयहरु विच तथा शिक्षा शाखा विचको अन्तरक्रियालाई सुदृढ पारिनेछ।

२४) नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ । सबै तह र विषयका शिक्षकहरूलाई कम्प्युटर तालिमका लागि सूविधाप्राप्त विद्यालयहरूको सहकार्यमा IT तालिमको व्यवस्था गरिनेछ।

२५) नगरपालिकामा वालवालिकालाई **"विद्यालय ल्याऔं र पढाईमा टिकाऔं"** कार्यक्रमलाइ थप प्रभावकारी बनाइ **पढ्दै कमाउदै** कार्यक्रमलाई विस्तार गरिदै लगिने छ।

२६) नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार गरि गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ । **२०७९-८९ को दशकलाई "सार्वजनिक विद्यालय सवलिकरण" दशकको रुपमा** मनाइनेछ।

२७) प्रत्येक वडामा एक ओटा **नमुना वालविकास केन्द्र** वनाइ क्रमश सबै वालविकास केन्द्रलाई वालमैत्री,अपाङ्गमैत्री,समतामूलक आकर्षक स्थलको रुपमा स्थापित गरिनेछ।

२८) विश्वव्यापीकरणबाट सृजित चुनौतीलाई सामना गर्न र वर्तमान समयको माग अनुसारको सक्षम र दक्ष जनशक्ति उत्पादनलाइ सुनिश्चित गर्न गुणस्तरीय **अंग्रेजी शिक्षालाई प्रवर्द्धन गरिनेछ।**

२९) नगरपालिका भित्रका विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुलाई प्रोत्साहन गर्न संघीय सरकारले निर्धारण गरे बमोजिम आ.व. २०८०/८१ देखि न्यूनतम पारिश्रमिक कायम गरीनेछ।

३०) प्राथमिक कक्षाका विद्यार्थीलाई उचित खाजाको व्यवस्थान गरि पोषणको सुनिश्चितता गरिनेछ।

३१) प्रत्येक विद्यालयमा वाल क्लव, रेडक्रस र स्काउटको स्थापना गरीनेछ।

३२) विद्यार्थीको संख्या र अनुपातका आधारमा शिक्षक दरबन्दि नेपाल सरकारको नियमानुसार मिलान गरिनेछ।विद्यालयमा प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापनलाई वैज्ञानिक र व्यवहारीक बनाईनेछ।विद्यालयहरुका विद्यार्थीको अनुपात र अन्य वैज्ञानिक सुचकको आधारमा आपसमा मर्ज गर्ने नीति ल्याईनेछ।

३३) सामुदायिक सिकाई केन्द्रको सुदृढिकरण गरी आर्थिक सामाजिक रुपान्तरणको आधारको रुपमा विकास गरीदै लगिनेछ।साथै प्रशासनिक र सेवागत सूधार र व्यवस्थापन गर्दै सामाजिक परिचालक तथा कर्मचारीको सेवा सूविधालाई कानून बमोजिम स्तरोन्नति गर्ने र भौतिक रूपमा सूविधायूक्त संस्था बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

३४) एक वडामा एक प्राविधिक विद्यालय स्थापनाको सम्भावनालाई अध्ययन गरी अगाडी ल्याईनेछ।

३५) पीछडिएका जातजाती,दलित तथा गरिब समुदायबाट SEE मा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

**स्वास्थ्य**

१) स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई न्यूनतम सेवा मापदण्डको आधारमा गुणस्तरीय बनाउन आवश्यक व्यवस्थापनका लागि पहल गरिनेछ।साथै सेवा करारका कर्मचारीहरुलाई स्केल अनुसारको तलब भत्ताको व्यवस्था गराईने छ।

२) स्वास्थ्य क्षेत्रमा अहोरात्र खटिएका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रदान गरिदै आएको यातायात खर्चलाई निरन्तरता दिदै महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कोषलाई व्यवस्थित गराईने छ ।साथै महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका क्षमता विकास अभियानलाई थप गर्दै आमा समूहलाई सुदृढिकरण गरिनेछ।

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

३) मेलौली नगरपालिकाको आधारभूत अस्पत्तालको निर्माणको कार्य अगाडी बढाउन आवश्यक पहल गरिनेछ।

४) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासीको पँहुच सुनिश्चित गरिनेछ।

५) प्रत्येक छ महिनामा स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल बस्तीमा जेष्ठ नागरिक तथा अपाङ्गहरुको एकीकृत स्वास्थ्य शिविर "जनतासँग मेयर कार्यक्रम "सञ्चालनमा ल्याईनेछ। साथै प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरबाट प्रेषण भएका ७० वर्ष भन्दा माथिका विरामीहरूलाई डडेलधुरा सम्मको नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

६) "मुस्कान सहितको स्वास्थ्य सेवा" प्रदान गर्न कार्यक्रम सञ्चालनमा ल्याईने छ।

७) महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणलाई प्राथमिकीकरणमा यसको पूर्वतयारी-का लागि आवश्यक पूर्वाधार व्यवस्थापन र क्षमता विकासमा जोड दिईनेछ ।

८) धूम्रपान, मध्यपान र लागूपदार्थको बेचविखनलाई नियमन गर्न स्थानीय संघसस्थाहरुसँग - समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

९) "मेलौली नगरपालिका स्वस्थ नगरपालिका "अभियान सञ्चालन गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।

१०) "पूर्ण संस्थागत सुत्केरी)"No More Home Delivery) गराउने कार्यलाई निरन्तरता दिइनेछ। गर्भवती महिलालाई प्रसुतीको लागि नगरपालिका क्षेत्र भित्रका बर्थिङ सेन्टरमा पुर्‍याउन नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ। साथै पालिकाबाट बाहिर प्रेषण(Refer) भएका प्रसुतीलाई डडेल्धुरा सम्म नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ। यसको लागि मातृ शिशु सुरक्षा कोष स्थापना गरिने छ।

११) हाल मेलौली नगरपालिकामा सञ्चालनमा रहेका एम्बुलेन्सहरूलाई "राष्ट्रिय एम्बुलेन्स निर्देशिका ,२०७८" बमोजिम स्तरन्नोति(कम्तिमा ख वर्ग) गरी सञ्चालन गरिनेछ।

१२) बर्थिङ सेन्टरहरुमा कम्तिमा २ वटा SBA(दक्ष प्रसुती कर्मी)को व्यवस्था गरिने छ।

१३) ग्रामीण अल्ट्रा-साउन्ड सेवालाई निरन्तरता दिईने छ र प्राथमिक स्वास्थ्य केन्द्र केशरपुर र सलेना स्वास्थ्य चौकीलाई नियमित ग्रमीण अल्ट्रासाउन्ड सेवा सेन्टरको रुपमा स्थापना गरीने छ।

१४) स्वास्थ्यमा सबैको पहुँच पुर्याउन टाढाको बस्तीहरुमा नगर स्वास्थ्य क्लिनिक स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१५) खोप सेवालाई गुणस्तरीय बनाउन लागि वाह्य खोप केन्द्र निमार्ण गर्ने र पूर्ण खोप सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१६) कुपोषण भएका बच्चाहरुको पहिचान गरी नि:शुल्क उपचारको व्यवस्था मिलाइनेछ साथै आवश्यक मापदण्ड पुरा गरि पूर्ण पोषण युक्त वडा घोषण गर्ने कार्यको सुरुवात गरिने छ। साथै विद्यालयमा जङ्कफुडलाई निषेधित गरिने छ।

१७) किसोर किसोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य सेवा अभिवृद्धिका लागि किशोरी समूह बनाई बालविवाह,छाउपडी,छुवाछुत भेदभावको अन्त्यको लागि उक्त समूह परिचालन गरिनेछ।

१८) निःशुल्क औषधी वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ। साथै औषधी वितरण साझा केन्द्रको लागी आवश्यक पहल गरिनेछ।

१९) " स्वस्थ जीवनको लागि योग "भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिने छ। साथै नगरस्तरिय साझा औषाधालय स्थापना गरी सेवा प्रदान गरिनेछ। आयुर्वेद सेवा केन्द्र विस्तारको लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी आवश्यक कार्य अगाडी बढाइनेछ।

२०) स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ। साथै स्वास्थ्य बीमा गरिएका सेवाग्राहीका लागि अल्लगै बिशेष औषधि वितरण कक्ष सञ्चालन गरिने छ।

२१) महारुद्र र बिशालपुर स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्य गरिनेछ ।

२२) महिला स्वास्थ्य स्वयमसेविका सञ्चार अभियान Mobile स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३) पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट संचालन गर्ने कार्यलाई व्यवस्थित गर्न आमा समूह तथा महिला समूह मार्फत कार्यक्रम सञ्चालन गर्ने तथा समूह क्षमता विकास कार्यमा जोड दिईनेछ।

२४) हाल समाजमा बढ्दै गइरहेको नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्याहरुको न्युनिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

२५) प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरमा रिक्त रहेको मेडिकल अधिकृतको पदपूर्ती कार्यक्रमलाई निरन्तरता दिइने छ।

२६) आवश्यकता अनुसारको बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

२७) आँखा उपचार केन्द्र स्थापनाको लागि गेटा आँखा अस्पतालसंग आवश्यक पहलका साथै सञ्चालन गर्न स्वास्थ्यकर्मी पदपुर्ती गरिने छ।

२८) बालविवाह न्युनीकरणको लागि बिभिन्न सघं संस्थाहरुसंग समन्बय तथा सहकार्य गर्नुका साथै समुदायमा गठन गरिएका किशोरी समुहको क्षमता विकास गरी कार्यक्रम सफल पार्न आवश्यक पहल गरिने छ। सो कार्यका लागि मणिलेक क्याम्पस स्तरिय समूह गठन गरि कार्य अघि बढाउदै लगिने छ।

२९) गर्भवती तथा सुत्केरीसंग उपमेयर कार्यक्रम, सुनौला हजार दिनका आमा,बच्चा र किशोरिहरुको पोषण सुधारका लागी विशेष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

३०) स्वास्थ्य सेवाका अभिलेख प्रतिबेदनहरुका लागि ईन्टरनेट एवं ल्यापटप व्यवस्थापनका डिजिटलाईजेसन गरिनेछ । साथै नगरपालिकाको प्रोफाईल सहीतको स्वास्थ्य डायरी तयार गरिनेछ ।

३१) यस नगरपालिकामा नगरस्तरीय ब्लड बैंक स्थापना गरिनेछ ।

मेलौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

३२) समुदायमा रहेको विभेद पूर्ण लिगं छनौट गर्ने अभ्यासलाई अन्त्य गर्न आवश्यक कार्यक्रम कार्यक्रमहरु सञ्चालन गरिदै लगिनेछ।

३३) फोहरमैला व्यवस्थाको लागि डम्पीङ्ग साईट र आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण गर्ने अभियानको शुरुवात गरीने छ ।

३४) स्पाईनल ईन्जुरी Spinal Injury (स्पाइनल ईन्जरी), kidney Diesease(किड्नी रोग),Cancer विरामीलाई उपचार खर्च दिने कार्यलाई निरन्तरता दिइने छ ।

३५) स्वास्थ्य संस्थाहरुबाट चौविसै घण्टा सेवा प्रदान गरिने अभियानको सुरुवात गरीने छ ।

**महिला, बालबालिका, जेष्ठ नागरिक**

१) अति विपन्न महिलाहरु,एच.आई.भि. संक्रमित, एकल महिलाहरुलाई कार्यक्रममा समेटी आर्यआर्जन कार्यक्रममा संलग्न गराई स्वरोजगार मुलक र आत्मनिर्भर हुन सक्षम बनाइनेछ।

२) महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका साथै महिला अधिकार एवं हकहित र संरक्षणमा विशेष जोड दिईनेछ ।

३) नगरक्षेत्रभित्र समतामुलक समाज निर्माणका लागि महिनावारी स्वस्थता, जातीय छुवाछुत मुक्त टोल, एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४) स्थानीय स्तरमा आर्थिक्र तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समुह समिति मार्फत महिला विकास कार्यक्रममा आबद्ध गराइनेछ ।

५) स्थानीय सरकारले संचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संस्थागत गरी त्यसको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा लाभको हिस्सेदारीमा महिला र बन्चितिकरणमा परेका व्यक्ति तथा समुहको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी मूलप्रवाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति अवलम्बन गरिने छ।

६) यस आ.व. भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

७) स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरु र महिलाहरु लाई समावेश गरी योजनाबद्ध रुपमा महिला तथा बन्चितिकरणमा परेका व्यक्ति एवम समुदायको पहिचान गरी उनिहरुको व्यक्तिगत तथा सामूहिक क्षमता अभिबृद्धि गरिनेछ। साथै स्थानीय तहको विकास प्रक्रियामा त्यस्ता व्यक्ति तथा समुदायको निर्णायक तथा अर्थपूर्ण सहभागीता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गरिने छ।

८) लैङ्गिक हिंसा, घरेलु हिंसा बलत्कार जस्ता जघन्य अपराधबाट पिडित महिलाहरुलाई उचित न्याय प्रदान गर्नका लागी न्यायको पहुँच सुनिश्चित गरिने छ ।

९) वालश्रममुक्त नगरपालिका निर्माण गरीनेछ, वालविकासको हक अधिकार संरक्षण र प्रवर्द्धनका लागि नगरपालिका सम्पुर्ण संयन्त्रहरुको परिचालन गरिनेछ ।

१०) स्थानीय तहमा नगर तथा वडा स्तरमा बालसंरक्षण समितिको गठन गरी बालअधिकारको संरक्षण, सम्बर्धन र प्रवर्धन गरी बालसंरक्षण प्रणालीलाई प्रभावकारी बनाउनेछ ।

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

११) विशेष संरक्षणको आवश्यकतामा रहेका बालबालिकाको पहिचान गरी उनिहरुको हकहित संरक्षणका लागि अल्पकालिन तथा दीर्घकालिन नीति, रणनीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१२) आर्थिक अवस्था कमजोर भई शिक्षणको पहुँच बाहिर रहेका अनाथ भएका बालबालिकाको पहिचान गरी बालमैत्रि शिक्षण प्रणालीको पहुँचमा जोड दिईनेछ ।

१३) किशोरीहरुको शारीरिक, मानसिक, स्वास्थ्य एवं आत्म सुरक्षाका लागि आवश्यक परामर्श एवं तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

१४) नगरभित्र रहेका शारीरिक, मानसिक अपाङ्गता र फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी सहज परिचयपत्र वितरण गर्ने र सामाजिक, आर्थिक प्रणालीमा समतामुलक पहुँच स्थापना कायम गर्ने नीति लाई निरन्तरता दिइनेछ।

१५) अपाङ्गताहरुको वृहत हितका लागि सरकारी, निजी, सामाजिक हित समुह र गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ।

१६) ज्येष्ठ नागरिकहरुका लागि सुरक्षित, मर्यादित, सम्मानपुर्ण जीवनयापनयुक्त प्रणाली स्थापना गरी नगरभित्र रहेका जेष्ठ नागरिकहरुको अनुभव र शीपलाई नगरको वृहत हितका लागि प्रयोग गर्ने नीति र प्रणालीगत व्यवस्थाको सुनिश्चिता गरिनेछ।

१७) नगरपालिकाको योजना तथा सेवा प्रवाहलाई लैङ्गिक तथा समावेशि बनाउनका लागि प्रत्येक वर्ष लैंगिकं समानता तथा समाजिक समावेशिकरण परिक्षण गरीने छ।

१८) यस नगरपालिकालाई छुवाछुत, छाउपडि प्रथा एंव भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ। उहाँहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१९) महिला हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तर्राष्ट्रीय नारी दिवस जस्ता कार्यक्रमहरुलाइ सचेतना अभिवृद्धिमुलक कार्यक्रमका रुपमा वडा स्तरमा संचालन गरिने छ।

२०) मानसिक सन्तुलन बिग्रेका बालबालिकाहरु तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्याउन आवश्यक प्रबन्ध मिलाइने छ।

२१) ज्येष्ठ नागरीक परिचयपत्र वितरणका लागि आवश्यक कर्याविधि तयार गरी परिचयपत्र वितरण गर्ने कार्य गरिने छ ।

२२) बिदुर तथा टुहुरा बालबालिकालाई प्रदान गरिदैं आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

२३) नगरको उपयुक्त स्थानमा सेव हाउसको निर्माण गरिनेछ ।

२४) जेष्ट नागरिकसँग मेयर कार्यक्रम सञ्चालनमा गरिनेछ ।

२५) महिला वालवालिका दलितको समावेशी र छुवाछुत मुक्त गर्ने होडिङ्ग वोर्ड निर्माण गरिन्छ।

२६) महिला संग टोलटोलमा उप-मेयर कार्यक्रम सञ्चालन गरिनेछ।

२७) दलित लक्षित विवध कार्यक्रमहरूलाई निरन्तरता दिदै माग र आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिने छ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई आगामि आ.व. २०८०/०८१ देखी अनिवार्य रुपमा सबै वडा कार्यालयमा अनलाईन मार्फत संचालन गरिनेछ ।

२) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनप्रतिनिधिहरु लाई अभिमुखिकरण र वडा कार्यालयमा कार्यरत सम्बन्धित कर्मचारिहरुको लागि तालिम सञ्चालन गरिनेछ ।

३) विभागले उपलव्ध गराउने विधि/पद्दति अनुसार वडा स्तरबाट घटना दर्ता सप्ताह अभियान सञ्चालन गरिनेछ ।

४) सूचना प्रविधिको अधिकतम प्रयोग गरि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई सुशासन कायम गर्ने एक माध्यमको रुपमा विकास गरी जनतालाई सरल, सहज एंवम् पारर्दशी सेवा प्रदान गरिनेछ ।

५) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि आएका गुनासो लाई व्यवस्थापन गर्नको लागि अनलाईनमा आधारित गुनासो व्यवस्थापन प्रणालीको प्रयोग गरिनेछ ।

६) सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान गर्नका लागि "कोही नछुटौन कोही नदोहोराउन" भन्ने नारा लाई मुख्य उद्देश्य बनाई सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित र प्रभावकारी तरिकाले वितरण गरिनेछ।

७) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस मेलौली नगरपालिकाको सेवा ईकाईमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको लागि छ (६) महिना बराबरको पारिश्रमिक विभाग सँग प्रतिवद्धता भए बमोजिम यस नगरपालिका बाट उपलब्ध गराईनेछ ।

**ग) पूर्वाधार विकास तथा खानेपानी**

१) नयाँ सडक विस्तार तथा पुराना सडकहरू स्रोतको उपलब्धताका आधारमा स्तरोन्नती गरिनेछ।

२) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई दिगो खानेपानी सञ्चालन गरिने कार्य अवलम्बन गर्न नगर खानेपानी स्वास्थ्य तथा सरसफाई स्वच्छता समिति गठन गरिने छ।

३) नगरपालिकामा रहेका पानीका मुहानहरुको विवरण संकलन, संरक्षण सम्बर्द्धन गरी एक घर एक धारा संघ सरकार र प्रदेश सरकारको सहयोगमा सम्पुर्ण वस्तिहरुमा पुर्याईनेछ ।

४) समुदायले प्रयोग गरिरहेको खानेपानीको मुल कसैको दर्ता जग्गा भित्र परे पनि वडा समिति वा नगरकार्यपालिका सँग बैकल्पिक व्यवस्था नगरी स्वीकृति नलिई मास्ने, बेच्ने वा निशेध गर्न पुर्ण प्रतिबन्ध लगाईनेछ ।

५) हाल सम्म पनि केन्द्रिय प्रशारण लाईन नपुगेका वडाहरुमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरिनेछ । बजार, सार्वजनिक ठाँउ , मन्दिर सडकमा सौर्य वत्तिको व्यवस्थापन गरिने नीति लिईनेछ ।

६) नगरपालिकाका सबै वडा कार्यालयहरुमा आवश्यक पूर्वाधारको विकास गरी व्यवस्थीत बनाईनेछ ।

७) बसपार्कलाई व्यवस्थीत बनाईनेछ। नगरपालिकाका स्थानीय बजारहरुमा आवश्यकताका आधारमा सार्वजनिक सौचालय निर्माण गरिनेछ ।

८) नगरपालिकामा सहिद स्मृति प्रतिष्ठान निर्माण र सालिक निर्माण गरीनेछ ।

९) नगरपालिकाको सीमाक्षेत्रमा स्वागत गेट निर्माण गरीनेछ ।

१०) नगरभित्रका सम्पन्न भएका सडकको स्तरवृद्धि र निर्माणाधिन सडकको निर्माण कार्यलाई निरंन्तरता दिईनेछ । साथै नयाँ सडकको निर्माण कार्यको थालनी गरिनेछ।

११) गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

१२) मेलौली नगरपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको वस्ति विकास योजनालाई लागु गरी व्यवस्थित सहरको विकास गरिनेछ ।

१३) चालु आर्थिक वर्षमा व्यवस्थापकिय कारण पुरा हुन नसकेका, स्रोतको अभाव भई कार्यान्वयनमा आउन नसकेका पूर्वाधारका क्षेत्रमा आवश्यक पर्ने बजेट विनियोजन गरी सम्पन्न गरिनेछ ।

१४) नगरको बजार क्षेत्रमा ढल निकासका लागि आवश्यक बजेटको प्रबन्ध गरी कार्य अगाडि बढाईनेछ ।

१५) सिचाइको सूविधा रहेका खेतीबारीहरूमा सिचाइको निरन्तरता दिंदै संभावित नयाँ खेतीबारीमा सिचाइ पुऱ्याउन आवश्यक व्यवस्था मिलानेछ।

१६) वातावरणलाई प्रतिकुल प्रभाव पार्ने पूर्वाधारको निर्माण गर्दा अनिवार्य IEE/EIA गरी कार्यान्वयन गरिनेछ।

१७) नगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थीत गर्नको लागि मैलौली नगर पूर्वाधार विकास गुरुयोजना तयार गरिनेछ ।

१८) नगरभित्रका सम्पुर्ण सडक, पूल, सार्वजनिक भवन लगायत पूर्वाधारको विवरण संकलन गरी मर्मत सम्भार, थप सुदृढिकरण गरिनेछ । योजना प्रणालीमा उपभोक्ता समितिको योगदानलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक कार्य गरिनेछ ।

१९) निर्माणाधिन आयोजना तथा लामो समयसम्म टिक्ने मेसिनरी औजारहरुको ह्रासकट्टी गरी लगत राख्ने व्यवस्था मिलाइने छ ।

२०) आयोजनालाई वातावरणमैत्री बनाइने छ। योजना निर्माण र वृक्षारोपणका कार्यहरु सँग सँगै सञ्चालनमा ल्याउन नीति अवलम्बन गरिनेछ।

२१) जनताको माग र आवश्यकतामा आधारीत भएर नगरपालिकामा वहुवर्षिय नगर गौरवका पूर्वाधार निर्माणका लागि DPR तयार गरी संघीय सरकार सँग आवश्यक बजेट माग गरीनेछ ।

२२) नगरपालिका भित्र नयाँ खोलिएका कच्ची सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्नसक्ने बनाईनेछ ।

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

२३) आगामी दिनमा प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने गरी आयोजनाहरुको प्रोजेक्ट बैंक तयार गरिनेछ।

२४) विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न नगरपालिकामा सिभिल ईन्जिनियरिङ्ग ल्याव स्थापना गर्ने र निरीक्षण, अनुगमन तथा मूल्याङ्कन,सामाजिक परिक्षण कार्यलाई प्रभावकारी बनाईने छ।

२५) नगरमा नयाँ भवन निर्माण गर्दा नक्सां पासलाई अनिवार्य गरिनेछ। भूकम्प प्रविधिमैत्रि भवन तथा आवास संचरनाको निर्माणको लागी निर्माण संग सम्बन्धी डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकीकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिईनेछ।

२६) समुदायको क्षमता अभिवृद्धि गरी भुकम्प लगायत प्रकोपबाट हुने जीउधनको क्षति तथा जोखिम कम गर्नका लागि जनस्तरमा तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

२७) नगरपालिका भित्रका सम्पूर्ण सडकहरुको Right of way निर्धारण गरी GIS Mapping को आधारमा व्यवस्थित गरिनेछ।

२८) भुमिमा स्वामित्वको क्षेत्र विस्तार गर्नको लागि सामुदायिक भुमि व्यवस्थापन गर्ने नीति लागु गरिनेछ।

२९) जग्गा वर्गीकरण कार्य गरी GIS मा राखी प्रविधिमैत्री प्रणाली लागू गरिनेछ।

३०) यस नगरपालीकामा नापनक्सालाई ब्यवस्थित गर्न आवश्यक ब्यवस्था मिलाइ कार्य अघि बढाइने छ।

३१) भूमि वर्गिकरणको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्न यस नगरपालिकामा भूमिको बनोट,भूमिको क्षमता तथा उपयुक्त भूमिको मौजुदा उपयोग र आवश्यकता समेतलाई आधार मानि यसै आ.व. २०८०/०८१ मा नगरपालिका भित्रका जग्गाको वर्गिकरण गरि बन्द रहेको कित्ता काट खोलिनेछ।

३२) दलित, भूमिहिन, सुकुम्वासि अव्यस्थित बसोबासिको लागि आवश्यक समन्वय गरी कार्यक्रम लागू गरिने छ।

३३) मेलौली न.पा.भित्र नया बन्ने घर तथा एक पटक बनिसकेका भवन हरुको लागी अभिलेख तथा व्यवस्थापन गर्न तथा नापनक्सा सम्बन्धी व्यवस्थित कार्य गर्न यस नगरपालीका भित्र भवन नियमन तथा घर नक्सा पास शाखा खोली सो कार्य व्यवस्थित गरिने छ।

३४) नगरपालीका भित्र रहेको सरकारि जग्गाको व्यवस्थित अभिलेख राखिने छ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१) नगरक्षेत्रभित्रका सामुदायिक वनहरुमा भईरहेको अव्यवस्थित बसोबास र बनजंगल अतिक्रमण नियन्त्रण गरी हराभरा नगरपालिका निर्माण गरिनेछ ।

२) नगर क्षेत्र भित्र खाली रहेको स्थानमा संघ र प्रदेश सरकारको समन्वयमा जडीबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम संचालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ ।

३) नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ। नगर-स्तरिय विपद व्यवस्थापन समिति र वडा स्तरिय विपद व्यवस्थापन समितिलाई क्रियासिल बनाइनेछ र जनस्तरमा पूर्व तयारी प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ।

४) विपद व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी,नेपाल स्काउट, उद्योग वाणिज्य संघ, चेम्बर अप कमर्श लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघसंस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी बढाइनेछ।

५) विपद जोखिम न्यूनीकरणका लागी आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैपरी आउने विपद ब्यवस्थापनका लागी साझेदारीमा तालिम कार्यक्रम संचालन गरिनेछ ।उत्कृष्ट विपद व्यवस्थापन गर्ने नमुना पालिकाका अभ्यास आदानप्रदान गर्न भ्रमण, अवलोकन गरिनेछ।

६) फोहोर ब्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ। टोल विकास समिति, आमा समूह, सहकारी समूह, स्वास्थ्य समूह, महिला समूह, युवा क्लव, जेष्ठ नागरिक समूहहरु मार्फत फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ । फोहोरको समुचित व्यवस्थापन गर्न Dumping site निर्माण तथा पुनःप्रयोगको प्रबन्ध गरिनेछ।

७) फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ। नगरको विपद् पोर्टल सञ्चालन गरिनेछ। पर्यावरणलाई मध्यनजर गरी ल्याणडफिल्डसाइट निर्माणका लागि उपयुक्त स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कन कार्य गरिनेछ।

८) नगरपालिकामा संघ, प्रदेश र स्थानीय राष्ट्रसेवक, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय जनसमुदाय र संघ संस्थाहरुको समन्वयमा वृक्षारोपणको कार्य अगाडि बढाईनेछ।

९) यस नगर क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त नगरपालिका बनाईनेछ। यसका लागि स्थानीय स्तरका मौलीक उत्पादन डोका, नाङ्ला, कपडाका झोलाको प्रयोग बढाईनेछ।

१०) आगलागी,वन डढेलो तथा अन्य जोखिम नियन्त्रण गर्न सामुदायिक वनहरुमा अग्नी नियन्त्रण रेखा तथा छिमेकी पालिकाहरुसंग समन्वय गरी वारूण यन्त्र खरिद गरिनेछ।

११) यस नगरपालिका क्षेत्र भित्र रहेका खानी उत्खनन्, वालुवा, ढुङ्गा, गिट्टी जस्ता सामाग्रीहरूको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरी ठेक्का मार्फत आन्तरिक राजश्व वृद्धि गरिनेछ।

१२) सार्वजनिक क्षेत्र तथा सामूदायिक वन क्षेत्रहरूको अतिक्रमित क्षेत्रबाट परिवारलाई हटाउदै व्यवस्थित गरिनेछ।

**ङ) कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र**

१) न्यायिक समितिलाई थप ब्यवस्थित बनाउन ईजलास कक्षको ब्यवस्था गरिने छ। न्यायिक समितिलाई क्षमता विकास र सुदृढिकरणका लागि आवश्यक प्रवन्ध गरिनेछ।

२) न्यायिक समितिको न्याय सम्पादन छिटो छरितो बनाईने छ। सहज पहुचयुक्त न्याय प्रणाली प्रवर्धन गरिने छ। वडा मेलमिलाप केन्द्र गठन गरिने छ र आवश्यकता अनुसार न्यायिक समितिले घुम्ति सेवा संचालन गर्नेछ।

३) नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई सेवाग्राहीको सहजताको लागि एकीकृत कर प्रणाली अवलम्बन गरिनेछ।

४) सबै वडाहरुले आफ्ना वडाहरुमा भए गरेका कामहरुको विवरण जनता समक्ष पुर्याउने वेभसाइट मार्फत सार्वजनिक गर्ने ब्यवस्था मिलाइनेछ ।

५) नगरपालिकामा भएका निर्णयहरु विद्युतीय माध्यमबाट अभिलेखीकरण गरी वेभसाइट मार्फत सार्वजनिक गर्ने नीति लिइनेछ । कार्यपालिका र नगरपालिकाका सम्पुर्ण निर्णयहरु वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।

६) नगरपालिका कार्यालयको भौतिक सम्पत्तीको उचित ब्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने/बढी खर्चलागने असान्दर्भिक सामाग्रीहरुको लिलाम बिक्रि गर्ने नीति लिइनेछ ।

७) भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरिनेछ।

८) सहायता कक्ष, गुनासो ब्यवस्थापन, सूचना ब्यवस्थापन र नागरिक वडापत्रको समसामयिक ब्यवस्थापन गरिनेछ ।

९) सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थीत र प्रभावकारी बनाउनका लागि कर्मचारी र राजनीतिक पदाधिकारीहरुलाई जिम्मेवार जवाफदेही, पारदर्शि र जनउत्तरदायी बनाईनेछ।

१०) राष्ट्रसेवक कर्मचारीको क्षमता विकास, व्यवसायिकता अभिवृद्धि र प्रतिस्पर्धी बनाउनको लागि मौद्रिक र गैर-मौद्रिक उत्प्रेरणा प्रदान गरिनेछ ।

११) यस नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उत्प्रेरणा र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनको लागि कार्यसम्पादनमा आधारीत उत्प्रेरणा कोष बनाईनेछ । कार्यसम्पादनमा आधारीत उत्प्रेरणा कोष सञ्चालन कार्यविधि निर्माण गरी कर्मचारीको निरन्तर उत्प्रेरणा गराईनेछ ।

१२) कर्मचारीको कार्यक्षमता विकासका लागि पुनर्ताजकी तालिमको ब्यबस्था मिलाईनेछ ।

१३) कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्तदुरुस्त र प्रभावकारी बनाउनुका साथै अभिलेख , प्रणालीलाई ब्यवस्थीत बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

१४) सेवा प्रवाहलाई गुनासो रहित बनाउनका लागि Proactive Public Service Delivery (प्रोएक्टिभ पब्लिक सर्भिस डेलिभरी) र मुस्कानसहितको सेवा प्रवाह प्रणालीमा जोड दिईनेछ ।

१५)नगरपालिकामा रिक्त दरबन्दी राखीनेछैन, स्विकृत दरबन्दीअनुसार योग्यता प्रणालीका सिद्धान्तलाई अवलम्बन गरी कर्मचारी माग गरिनेछ ।

१६)नगरपालिकाको विभिन्न प्रकृतिको बेरुजुहरु पुर्ण रुपमा फछ्र्यौट गरी बेरुजुरहित नगरपालिका बनाउन पहल गरिनेछ ।

१७)आर्थिक अनुशासन र मितव्ययिता कायम गर्ने सार्वजनिक प्रशासनका नविन मुल्य र औजारहरुको भरपुर उपयोग गरिनेछ ।

१८) नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ।

१९) अधिकारको विकेन्द्रीकरण गरी वडा कार्यालयबाटै सेवा प्रवाह हुने सुनिश्चित गरिनेछ ।

२०) खरिद योजना र गुरुयोजना तयार गरी खरिद कार्यका लागि खरिद इकाई/शाखा लाई प्रभावकारी बनाइनेछ ।

२१)योजना तथा अनुगमन शाखा र सूचना प्रविधि शाखाको संयुक्त प्रयासमा नगरस्तरीय तथ्याङ्क वैंकको विकास गरिनेछ ।

२२) नगरको पञ्चवर्षिय आवधिक योजना तयार गरिनेछ ।

२३) मध्यकालिन खर्च संरचना तयार गरी बजेट सँग योजना प्रणालीलाई आवद्ध गरिनेछ । राजस्व सुधार कार्य योजना (RAIP) र वित्तिय परिचालन योजना (FOP) लाई अद्यावधिक गरी आम्दानी र खर्चको प्रभावकारी परिचालन गर्ने नीति लिइनेछ ।

२४) कार्यपालिकाको कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउन आवश्यक बजेटको यवस्था गरिनेछ ।

२५) नगरपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक कर्मचारी र शिक्षकलाई प्रति व्यक्ति रु. १०,००० उत्कृष्ट सेवा पुरुस्कार प्रदान गरिनेछ।

२६) सवारीसाधन दर्ता, नविकरण गरी नगर क्षेत्रको बजार व्यवस्थापन र रोजगारी सृजना गरिनेछ।

२७) सवारीसाधन दर्ता गरी भाडा दर रेट कायम र नियमन गरिनेछ।

२८) वडा स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२९) यस पालिकाको व्यवसायिक भवनलाई कार्यविधि निर्माण गरी भाडामा लगाइनेछ।

३०) नगरपालिका अन्तर्गत कार्यरत सम्पूरण कर्मचारी तथा नगरपालिका सबै जनप्रतिनिधिहरूको जीवन बिमा गरिनेछ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी

आदरणीय सभाध्यक्ष महोदय,

अब म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु। आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि **४९ करोड ९३ लाख ९७ हजार ५ सय** अनुमान गरेको छु।

| क्र.स. | बजेट स्रोत आय तर्फ | अनुमानित रकम |
|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | ८ करोड ९३ लाख ८८ हजार ५ सय |
| २ | राजश्व बाँडफाँड प्रदेश | ४७ लाख ३५ हजार |
| ३ | वित्तीय समानिकरण संघ | ९ करोड ४ लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | ७४ लाख २४ हजार |
| ५ | आन्तरिक स्रोत | ५० लाख |
| ६ | गत आ.व. को वैङ्क मौज्दात | १ करोड |
| ७ | सशर्त अनुदान संघ | २५ करोड ८१ लाख |
| ९ | विशेष अनुदान संघ | १ करोड |
| ११ | समपुरक अनुदान संघ | ६० लाख |
| १२ | सशर्त अनुदान प्रदेश | ३१ लाख ५० हजार |
| १३ | विशेष अनुदान प्रदेश | ० |
| १४ | समपुरक अनुदान प्रदेशको | ३५ लाख |
| १५ | औद्योगिक ग्राम स्थापना | ९२ लाख |
| १५ | सडक वोर्ड नेपाल पूँजीगत | २५ लाख |
| | जम्मा | ४९ करोड ९३ लाख ९७ हजार ५ सय |

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

अन्त्यमा,

यस नीति कार्यक्रम एवम् बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु,विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

पार्वती बोहरा(विष्ट)
नगर उप-प्रमुख
मेलौली नगरपालिका